आज मिति २०७६ साल माघ १२ गते आइतबारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाकको ४८औं कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रह्यो ।

**उपस्थिति**

| क्र.सं. | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३ | वडा अध्यक्ष/न.का.स | श्री श्रीकृष्ण अधिकारी | | |
| ४ | वडा अध्यक्ष/न.का.स | श्री दिपकराज जोशी | | |
| ५ | वडा अध्यक्ष/न.का.स | श्री सिंहराज श्रेष्ठ | | |
| ६ | वडा अध्यक्ष/न.का.स | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष/न.का.स | श्री जगन्नाथ ढकाल | | |
| ८ | वडा अध्यक्ष/न.का.स | श्री महेश्वर के.सी. | | |
| ९ | वडा अध्यक्ष/न.का.स | श्री नरोत्तम राना | | |
| १० | वडा अध्यक्ष/न.का.स | श्री केशव बहादुर खत्री | | |
| ११ | वडा अध्यक्ष/न.का.स | श्री जोग प्रसाद नेपाल | | |
| १२ | वडा अध्यक्ष/न.का.स | श्री मधुसुदन पाण्डे | | |
| १३ | वडा अध्यक्ष/न.का.स | श्री उत्तम अधिकारी | | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री पार्वती अधिकारी | | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री जगतमाया महर्जन | | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री उर्मिला बि.क. | | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री शोभा तामाङ | | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बच्चु बस्याल | | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सन्जिव सुनुवार | | |
| २२ | सदस्य सचिव/प्र.प्र.अ. | श्री प्रदिप पौडैल | | |

४८ औं कार्यपालिका बैठकका निर्णयहरु

१ टोखा नगरपालिकाको छैठौं नगरसभा यही मिति २०७६।१०।२९ गते विहान ११ बजे वडा नं ८ को कार्यालयको सभा हलमा सन्चालन गर्ने निर्णय गरियो ।

२ तपशिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ बमोजिम घ बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

- ग्रिड निर्माण सेवा, टोखा ५
- रेणुका ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्शन, टोखा ४
- आर्वस कन्स्ट्रक्शन एण्ड ईन्जिनियरिङ प्रा.लि. टोखा ११
- हनुमन्ते निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. टोखा १०
- टोखा कन्स्ट्रक्शन प्रा.लि. टोखा २
- प्रिति चण्डेश्वरी विल्डर्स प्रा.लि. टोखा १
- कलश निर्माण सेवा, टोखा १०

३ **रकम विनियोजन सम्बन्धमा :** तपशिल बमोजिमका योजना/कार्यक्रमहरुमा नगरपालिकाको थप श्रोत बाट व्यहोर्ने तथा आगामी नगर सभामा अनुमोदनको लागी पेश गर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

- सृजनशील उपभोक्ता समितिलाई वडा नं. ११ अन्तर्गत महादेवटार हाईटको करिव ६० मिटर लम्बाई गोरेटो बाटोमा पिसिसि ढलान, सिढीको निर्माण लगायतका कार्यको लागि थप रकम रु २ लाख विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं ३ स्थित धमलटार टोल विकास सुधार संस्थालाई धमलटार टोल मनकामना मन्दिर अगाडिको बाटोमाढलको पाइप विस्तार कार्यको लागि लागत अनुमान बमोजिम रु २,००,०००। थप बजेट उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं ३ स्थित खोपाचा ओरालो देखि हाल बनेको नयाँ पुल सम्मको बाटो व्यवस्थापन गर्नको लागि सूर्योदय टोल सुधार समितिलाई स्विकृत ल.ई. बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं ३ धमलटार मनकामना टोलमा पाईपलाईन विस्तार र ट्याङ्की व्यवस्थापन कार्य सम्पन्न गर्नको लागि अपुग रकम स्वीकृत ल.ई बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं. ८ स्थित सुन्दरवस्ती टोल सुधार समिति अन्तर्गत Grandee Villa को उकालो बाटो ढलान गर्ने कार्यको लागि स्विकृत ल.ई. बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं. ११ स्थित मनोहरतीर्थ धाममा नवरात्री मेला पर्वको व्यवस्थापन, मन्दिरको प्राङ्गण मर्मत तथा परिसरमा रंगरोगन कार्यका लागि रु १,५०,०००। रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं ४ साईराम टोल स्थित पार्वती नेपालको घर अगाडिदेखि मिना के.सी. को घर सम्म र यज्ञ प्रसाद अधिकारीको घर सम्मको करिब १२० मिटर लम्बाईको बाटो ढलान गर्ने कार्यको लागि स्विकृत ल.ई. बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं. ११ स्थित वैकुण्ठपूरी गेट भण्डारी चोक हुँदै पूवृ तर्फ अञ्जली मेनपावर निस्किने बाटो स्तरोन्नतीको लागी रु. ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं २ ज्यार्गलमा पाचा ढलानको लागि रु २,८५,०००। विनियोजन गर्ने निर्णय गरियो ।

- वडा नं २ स्थित तुथिलाग चोक निर्माण उपभोक्ता समितिलाई तोथिलाग चोक ढुङ्गा छपाई कार्य सम्पन्न गर्न अपुग रकम ४,०४,६४४। उपलब्ध गराउने निर्णय गरियो ।

४ **६०/४० योजना सम्बन्धमा :** तपशिल बमोजिमका योजनाहरुमा स्विकृत लागत अनुमान मध्ये नगरपालिकाले ६० प्रतिशत र सम्बिन्धित उपभोक्ता समिति/टोल विकास सँस्थाहरुबाट ४० प्रतिशत व्यहोर्ने गरी समपूरक कोष बाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

- वडा नं ६ स्थित सद्भाव टोल सुधार समितिलाई मित्र पौडेलको घर हुँदै विमला वशिष्ठको घर सम्म जाने भित्री बाटोमा ब्लक छाप्ने कार्यको लागि समपुरक कोषबाट स्विकृत लागत अनुमान मध्ये ६० प्रतिशत रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं ३ स्थित फुलबारी हाइट धनेश्वर टोल विकास संस्थालाई बाटो ढलान, खानेपानी पाइप र मंगल निर्माण कार्यको लागि नपुग रकम समपुरक कोषबाट स्विकृत लागत अनुमान मध्ये ६० प्रतिशत रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं ८ मिलनटोल अन्तर्गत नयाबस्ती उपभोक्ता समितिलाई किट कलेजदेखि सुभास को घर सम्मको भित्री बस्तीको बाटो ढलान गर्नको लागि नपुग रकम समपुरक कोषवाट स्विकृत लागत अनुमान मध्ये ६० प्रतिशत रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं ३ को शिव सुन्दर टोल विकास संस्थालाई ढल पुरी निर्माण तथा ढलान गर्ने कार्यको लागि समपुरक कोषबाट स्विकृत लागत अनुमान मध्ये ६० प्रतिशत रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं ३ स्थित श्री न्यू भिजन टोल विकास संस्थालाई न्यू भिजन टोलमा बाटो ढलान कार्यका लागि नपुग रकम मध्ये समपुरक कोषबाट स्विकृत लागत अनुमान मध्ये ६० प्रतिशत रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं ३ स्थित बखुन्डोल टोल विकास संस्थालाई टहर्चा देखि बखुन्डोल सडक सम्म ढलान कार्य गर्नको लागि समपुरक कोषबाट स्विकृत लागत अनुमान मध्ये ६० प्रतिशत रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं. २ स्थित भिल्ली बस्ती भित्र सडक तथा ढल व्यवस्थापन कार्यको लागि भिल्लि आवासीको उपभोक्ता समितिलाई समपुरक कोषबाट स्विकृत लागत अनुमान मध्ये ६० प्रतिशत रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं २ अन्तर्गत डुग्बू सूर्य नमूना बस्ती सुधार समितिको बस्तीमा ढल व्यवस्थापन गर्न समपुरक कोषबाट स्विकृत लागत अनुमान मध्ये ६० प्रतिशत रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं. ३ स्थित ढलमल प्रगती टोल विकास समिति लाई ढलमल टोल वाट स्टार टाउन सम्म जोड्ने सडक ढलान गर्ने कार्यको लागी समितिले ल.ई. को ४० प्रतिशत व्यहोर्ने गरी समपूरक कोष वाट रु. २० लाख विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं २ अन्तर्गतको दल्खु पाँच घुम्ती टोल विकास उपभोक्ता समितिको बस्तीमा ढल निकास व्यवस्थापन कार्यको लागि स्वीकृत लागत अनुमानको ६० प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

५ **योजना संशोधन सम्बन्धमा :** वडा कार्यालयको सिफारिस भई आएका तपशिल बमोजिमका योजनाहरुलाई संशोधन गरी आगामी नगर सभामा अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो ।

४८ औं कार्यपालिका बैठकका निर्णयहरु

| सि.नं. | वडा नं. | साविकको योजना | रकम रु. | संशोधन गर्नुपर्ने योजना | रकम |
|---|---|---|---|---|---|
| १. | ६ | सि.नं. ४४० श्यामबाबु लुईटेलको घरदेखि अपि स्कुलको गेट सम्म बाटो पिच तथा खानेपानी | १० लाख | श्यावबाबु लुईटेलको घरदेखि अपि स्कुलको गेट सम्म बाटो ढलान | १० लाख |
| २. | ६ | सि.नं. ४३७ मिरा मिश्रको घरदेखि सरला ढकालको घरसम्म सडक पिच | २० लाख | मिरा मिश्रको घरदेखि सरला ढकालको घरसम्म सडक ढलान र ढल योजना | २० लाख |
| ३. | २ | सि.नं २६९ महिला क्षमता अभिवृद्धि तथा सीपमूलक कार्यक्रम | ३ लाख | युवा Skill best Training | १ लाख |
| | | | | महिला क्षमता अभिवृद्धि तथा सीपमूलक कार्यक्रम | २ लाख |
| ४. | २ | सि.नं. २८६ उत्तर भेगिय गजराज जोशी फुटवल प्रतियोगिता संचालन | | फुटवल वि डिभिजन प्रशिक्षण संचालन | |
| ५. | २ | सि.नं. २९२ ईकुलाग पाचा मेशिनरी वाल तथा सिढी निर्माण | | वडामा व्याडमिन्टन कोर्ट निर्माण | |
| ६. | १० | सि.नं.६११ पूर्वाधार विकास क्षेत्र खानेपानी उपक्षेत्र सिंगापुर कोलोनी खानेपानी व्यवस्थापन | ३ लाख | होडिङ बोर्ड हटाई ट्रफिक सन्देशमूलक बोर्ड राख्ने कार्य | ३ लाख |
| ७. | ३ | सि.नं. ३०९ ईथुली टोलमा सडक स्तरोन्नती कार्य | ५ लाख | भूतखेल मुराली भात खुवाउने स्थल संरक्षण | ३ लाख |
| | | | | दिव्यदर्शन टोल खानेपानी कार्य | २ लाख |
| ८ | ६ | सि.नं. ४६८ वडा पूर्ण साक्षर घोषणा | १ लाख ५० हजार | नवराज के सी को घरबाट वाई वि को घर सम्म खानेपानी | १ लाख ५० हजार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सि.नं. ४४६ प्रल्हाद के सी को घर हुँदै ढुङ्गे धारा जाने बाटो ब्लक छाप्ने र खानेपानीको कार्य | १० लाख | श्रद्धा सनमार्ग टोल विकास समिति अन्तर्गत बाटो ढलान | १० लाख |
| ९ | ४ | सि.नं. ३८७ धुलो, धुप तथा टपरी बनाउने तालिम | | कपडामा डाई तथा फेब्रिक प्रिन्ट सम्बन्धि तालिम | |

६ वडा नं ६ अन्तर्गत वडा समितिको सिफारिस भई आएका तपसिलका योजनामा रकमान्तर गर्ने र योजना संशोधन गरी आगामी नगर सभामा अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो ।

१ सि.नं ६५६ मा सि.नं ६२८ थप गर्ने र बाटो ढलान तथा ब्लक विछ्याउने कार्य गर्ने ।

२ सि.नं. ६५७ मा सि.नं. ६१४ थप गर्ने र बाटो ढलान गर्ने तथा ब्लक विछ्याउने ।

३ सि.नं ६१४ मा सि.नं. ६२३ थप गर्ने ।

४ सि.नं. ६२० मा सि नं ६५७ थप गर्ने ।

५ सि.नं. ६२४ मा योजना संशोधन गरी बाटो ढलान गर्ने ।

६ सि.नं ६१० मनोहर आवास क्षेत्र खानेपानीमा सि.नं. ६२१ थप गर्ने ।

७ सि.नं. ६१२ विचविनायक मार्ग खानेपानीमा सि नं ६५९ थप गर्ने ।

८ सि.नं ७९६ मा योजना संशोधन गरी मनोहर मा.वि.मा आइसिटी हल तथा पुस्तकालय पुर्नब्यवस्थापन गर्ने ।

९ सि.नं ६१६ को योजना संशोधन गरी खानेपानी पाइपलाईन विस्तार गर्ने ।

७ **विविध :**

- बाल प्रेमी खेलकुद मण्डललाई जापान कराते डो नान्बुकाई सितोरियो राष्ट्रिय कराते प्रतियोगिता २०७६ आयोजनाको लागि रु ५,००,०००। उपलब्ध गराउने निर्णय गरियो । (खेलकुद कोषबाट) ।
- वडा नं ३ स्थित टोखा फिटनेस एण्ड रिक्रिएसन सेन्टर प्रा.लि. लाई राष्ट व्यापी खुल्ला ब्याडमिन्टन प्रतियोगिता २०७६ आयोजनाको लागि रु ३,५०,०००। उपलब्ध गराउने निर्णय गरियो । (खेलकुद कोषबाट) ।
- फ्रेन्डशिप ग्रुप अफ टोखा लाई जिल्ला स्तरीय तेक्वान्दो प्रतियोगिता संचालनको लागि रु ३,००,०००। उपलब्ध गराउने निर्णय गरियो । (खेलकुद कोषबाट) ।
- नेपा युवा क्लवलाई खेलकुद सामाजिक तथा सांस्कृतिक कार्यहरु संचालनको लागि रु १,००,०००। रकम उपलब्ध गराउने निर्णय गरियो । (खेलकुद कोषबाट) ।
- सहिद स्मारक राष्ट्रिय वि डिभिजन लिग फुटबल प्रतियोगितामा भाग लिन भगवति क्लव टोखालाई तयारीका लागि नगरसभाबाट स्विकृत रु ५,००,०००। एवम् कार्यपालिकाको बैठकवाट रु ३,००,०००। समेत गरी जम्मा रु ८,००,०००। विनियोजन भएकोमा नपुग हुने भएकोले टोखा नगरपालिका मुख्य प्रायोजक भई कार्यक्रम आयोजना गर्ने गरी थप रु ७,००,०००। विनियोजन गर्ने निर्णय गरियो । (खेलकुद कोषबाट) ।

४८ औं कार्यपालिका बैठकका निर्णयहरु

- वडा नं ८ स्थित मिलनसार टोल विकास संस्थाको माग निवेदन अनुसार कार्यपालिकाको ४७ औं निर्णयमा ढल भन्ने शब्द छुट्न गएकोमा सो सच्याई (विरचक्र) चक्रेको घरदेखि पूर्वतर्फको बाटो स्तरोन्नति, ढल, ढलान र खानेपानी विस्तार योजना बनाई अनुमोदन गर्ने निर्णय गरियो
- मनोहर तिर्थघाट पुल निर्माण कार्यको लागी गत आ.व. २०७५।७६ मा ठेकेदार श्री ANS/KM/JBNS JV सँग जम्मा रु. ३,२३,७८,२२२.२२ मा ठेक्का सम्झौता भएकोमा गत आ.व. मा मोविलाईजेसन पेश्की ५६,११,६५२ भुक्तानी भई यस वर्ष रु. २,६७,६६,५७०.२२ खर्च लेख्नु पर्नेमा प्रदेश सरकार वाट निकासा भएमा सोही बमोजिम गर्ने र नभएमा नगरपालिकाको आन्तरकि श्रोतवाट खर्च गरी आगामी नगर सभामा अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो ।
- टोखा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको टोली मैत्रीपूर्ण सम्बन्ध स्थापनार्थ यहि मिति २०७६।०९।२३ देखी २९ गते सम्म छत्रकोट गाउँपालिका, गुल्मी लगायत अन्य स्थानीय तहहरुको औपचारिक भ्रमणमा सहभागी भएकोमा सो क्रममा छत्रकोट गाउँपालिका, गुल्मीको न्यानो स्वागत तथा सम्मानको लागी हार्दिक धन्यवाद प्रदान गर्ने निर्णय गरियो ।
- सार्वजनिक जग्गा संरक्षण समिति वाट प्राप्त सार्वजनिक जग्गा अनुगमन प्रतिवेदन अनुसार सार्वजनिक जग्गाको उचित व्यवस्थापनको लागी सार्वजनिक जग्गा संरक्षण समिति सँगको सहकार्य तथा समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा कार्यान्वियन गर्ने एवम् थप सार्वजनिक जग्गाको खोजीको लागि समिति मार्फत भएको छानविन प्रकृयालाई निरन्तरता दिने निर्णय गरियो । साथै सार्वजनिक जग्गा संरक्षण समितिलाई विशेष धन्यवाद दिने निर्णय गरियो ।
- ५ नं वडा कार्यालयको पत्रानुसार टोखा नगरपालिका वडा नं ५ को विवादास्पद सार्वजनिक जग्गामा निर्माणधिन संरचना हटाई सार्वजनिक जग्गा खाली गराउने सम्बन्धमा जिल्ला जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी प्रचलित कानून बमोजिम कार्यान्वियन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।
- टोखा चण्डेश्वरी मन्दिर परिसरमा पर्यटकीय पूर्वाधार विकासको लागी शिवपूरी राष्टिय निकुन्जमा सहमतिको लागी लेखी पठाउने निर्णय गरियो ।
- प्रदेश सरकारको स्थानीय तह सँग सुरक्षा व्यवस्थापन साझेदारी सम्बन्धी कार्यविधि, २०७६ अनुसार महानगरीय प्रहरी सँगको समन्वयमा प्रदेश सरकार सँगको ६० : ४० को साझेदारीमा आ.व. २०७६।७७ को वार्षिक नगर विकास योजनामा समावेश भएको नगरपालिकाका मुख्य मुख्य चोकहरुमा सिसिटिभी जडान गर्ने कार्य संचालन गर्ने निर्णय गरियो ।
- प्रदेश सरकारको स्थानीय तहमा इजलाश निर्माण सम्बन्धी कार्यविधि, २०७६ अनुसार प्रदेश सरकार सँगको ६० : ४० को साझेदारीमा नगरपालिकाको न्यायीक समितिको इजलाश कक्ष निर्माण गर्ने निर्णय गरियो ।